आदिवासी जनजाति आयोग
Indigenous Nationalities Commission
अध्यक्ष
Chairperson

## माघे सङ्क्रान्ति तथा माघी (२०८२) पर्वको शुभकामना !

नेपालका आदिवासी जनजातिमध्ये सबैभन्दा धेरै जनसंख्या भएका मगर र थारू समुदायले माघ महिनाको पहिलो दिन अर्थात् माघे सङ्क्रान्तिलाई ऐतिहासिक कालदेखि आफ्नो महान चाड पर्वको रूपमा हर्षोल्लासका साथ मनाउँदै आएका छन् । यी दुबै मगर र थारू समुदायको महान चाड पर्व माघे सङ्क्रान्ति तथा माघी पर्वको उपलक्ष्यमा देश विदेशमा बस्नुहुने मगर तथा थारू र सम्पूर्ण नेपाली समुदायमा आदिवासी जनजाति आयोगको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछु ।

हरेक चाड पर्वको विशेष अर्थ र महत्व हुन्छ । र, मानव समुदायको सभ्यता र जीवन दर्शनसँग साँस्कृतिक पक्षबाट गहिरो सम्बन्ध रहेको हुन्छ । यस्ता चाड पर्वहरू विशेषगरी प्रकृति, कृषि, श्रम र सामूहिक जीवन पद्धतिसँग अभिन्न संस्कृति बनेर आएका हुन्छन् । माघे सङ्क्रान्ति तथा माघी चाड पर्वले आदिवासी जनजाति समुदायको मौलिक संस्कृति, परम्परागत ज्ञान, प्रणाली र सामाजिक एकतालाई परापूर्व कालदेखि संरक्षण गर्दै आएको छ । यस्ता चाड पर्वले समुदायबीच आपसी सद्भाव, सहअस्तित्व र सहकार्यको भावना सुदृढ गर्दछ । र, हाम्रो देशको विविधतालाई यस चाड पर्वले सामुदायिक स्तरबाट संरक्षण र सम्बर्द्धन गर्ने कार्य गर्दछ । आज नेपालका आदिवासी जनजाति समुदाय नेपालमा मात्रै होइन विश्वका सबै देशमा छरिएर रहेका छन् । र, उनीहरूले आ-आफ्नो गाउँठाउँबाट माघे सङ्क्रान्तिलाई हर्षोल्लासका साथ विश्व सामु प्रदर्शन गर्ने भएकोले यो चाड नेपालको विविधता विश्वसामु चिनाउने अवसर पनि हो । यो चाड मनाउनका लागि सरकारी विदा दिने र सरकार प्रमुख स्वयं संलग्न हुने परम्परासमेत रहँदै आएको छ ।

हाम्रो देशमा विभिन्न जातजाति तथा आदिवासी जनजाति समुदायको आ-आफ्नै संस्कृति भएकोले नै संविधानमा बहुसाँस्कृतिक विशेषता उल्लेख गरिएको हो । यो संस्कृतिको संरक्षण र प्रम्बर्द्धनका लागि सम्बन्धित समुदाय मात्रै सक्रिय भएर हुँदैन, राज्यले पनि विभिन्न नीति र विधि बनाउनु पर्दछ । देशको संस्कृति जोगाउनु राज्यको दायित्व पनि हो । यो माघे सङ्क्रान्ति चाड तथा माघी पर्वले आदिवासी जनजाति मगर तथा थारू समुदायको पहिचानलाई संरक्षण गर्दै देशलाई साँस्कृतिक समृद्धिमा लैजाने अवसर प्रदान गरोस् भन्ने अपेक्षा गर्दै सबैमा माघे सङ्क्रान्ति चाड तथा माघी पर्व २०८२ को शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

१ माघ २०८२
पुल्चोक, ललितपुर

रामबहादुर थापामगर
अध्यक्ष

पुल्चोक, ललितपुर, नेपाल, फोनः (+९७७)-१-५५२४७८८, ५५२४४२४, Email: inc.gov.np@gmail.com, Website: www.inc.gov.np